# महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन
## आर्थिक वर्ष - २०८१/८२

## मायादेवी गाउँपालिका, रुपन्देही
८०५४८५०६३००
रुपन्देही

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय

काठमाडौं


प.सं.:२०८२/८३ मिति : २०८२-१०-२६

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
मायादेवी गाउँपालिका, रुपन्देही ,
रुपन्देही

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२/९/२९ मा छलफल पश्चात् तयार गरिएको पाना ३६ (छत्तिस) को प्रारम्भिक प्रतिवेदन यसै साथ छ।

कार्यालयबाट पेस भएको वित्तीय विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्योट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्योट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

तोयनारायण पौडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार
काठमाडौँ– प्रतिवेदन संलग्न छ। , info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देही– प्रतिवेदन संलग्न छ। ,
rupandehi.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, रुपन्देही– प्रतिवेदन संलग्न छ।,
pradeshlekha05@gmail.com

# परिचय

१ **परिचय :**

**(क) कार्यालय परिचय :-** मायादेवी गाउँ पालिका रुपन्देही जिल्लाको पश्चिम उत्तर भागमा अवस्थित रहेको छ। कुल क्षेत्रफल ७२.४४ वर्ग कि.मी तथा लम्बाई सरदर १८ कि.मी रहेको छ। यस गाउँपालिकाको सीमाना पूर्वतर्फ सिद्धार्थनगर नगरपालिका र ओमसतिया गाउँपालिका, पश्चिमतर्फ लुम्बिनी साँस्कृतिक नगरपालिका र गैडहवा गाउँपालिका, उत्तरतर्फ सियारी र शुद्धोधन गाउँपालिका र दक्षिणतर्फ कोटहीमाई गाउँपालिका र भारत रहेको छ। यस गाउँपालिकालाई ८ वडामा विभक्त गरी प्रशासनिक विभाजन गरिएको छ। ९,९९० घर परिवार बसोबास गर्ने यस गाउँपालिकाको कुल जनसंख्या २०७८ को जनगणना अनुसार ५६,१७० रहेको साथै जनसंख्या वृद्धीदर १.८७ प्रतिशत र परिवारको औसत आकार ५.६२ प्रतिशत रहेको छ । त्यसै गरी जनघनत्व ७७५ जना प्रति वर्ग कि.मी रहेको पाईन्छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।१७ देखि २०८२।९।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस पालिकाको यस वर्षमा रु.१ अर्व ६० करोड १८ लाख ५८ रुपैया र १० पैसाको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३८,१४९असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भ्रमण प्रतिवेदन खर्च भुक्तानी | ८५० |
| २ | सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी | १३९९७ |
| ३ | प्रस्तावना वापतको रकम भुक्तानी | ४२५ |
| ४ | तालिम खर्च बढी भूक्तानी | ८५० |
| ५ | चपकटर खरिदमा बढी भुक्तानी | ३००० |
| ६ | ग्रेड रकम बढी भुक्तानी | १९०२७ |

२ **एकीकृत आर्थिक विवरण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४(१) मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आय/व्यय हिसाबको आर्थिक कारोबारको एकीकृत विवरण निम्न अनुसार रहेको छ :

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्याय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | रकम |
| १ | सुरु मौज्दात | | १०४०३१६३३.३६ | १ | चालु खर्च | ३३९१९३४६९.०४ | ३३९१९३४६९.०४ |
| | क) संचित | | | | पुँजीगत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोष | ७५९७०४३१.७३ | | २ | खर्च | २१९७२४९७३.०० | २१९७२४९७३.०० |
| | ख) धरौटी | १७०६६७४८.९३ | | ३ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **१६४७०६३७०.७१** |
| | ग)कार्यसञ्चालन कोष | १०९९४४५२.७० | | | क) सामाजिक सुरक्षा | १६२९२३३७०.७१ | |
| | घ) अन्य कोष | | | | ख) विद्यालय शिक्षा क्षेत्र योजना | २५८०००.०० | |
| २ | **यस वर्षको आय** | | **७२२६७७२३.४५** | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५२५०००.०० | |
| | क) आन्तरिक राजस्व | २७६२९७८९.८७ | | | | | |
| | ख) विभाज्य आय(दहत्तर बहत्तर शुल्क) | ४४६३७९३३.५८ | | ४ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | **५१४४६१७०१.९८** | ५ | **ऋण फिर्ता(साँवा)** | | |
| | क) समानीकरण अनुदान | १२६९०४०८०.०० | | ६ | **ऋणको ब्याज भुक्तानी** | | |
| | ख) राजस्व बाँडफाँट | १०२७६१८७१.९८ | | ७ | **धरौटी फिर्ता तथा सदर स्याहा** | ७४०९९६५.०० | **७४०९९६५.००** |
| | ग) सशर्त अनुदान | २७४२२७०२०.०० | | ८ | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | २२९६५३.८३ | **२२९६५३.८३** |
| | घ) समपुरक अनुदान | १०५६८७३०.०० | | ९ | **विभाज्य कोषबाट प्रदेश फिर्ता** | १७८५३९७३.४३ | **१७८५३९७३.४३** |
| | ङ) विशेष अनुदान | | | १० | **भुक्तानी बाँकी दायित्व फिर्ता** | १६७५७.०० | **१६७५७.००** |
| | च) रोयल्टी | | | ११ | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| | छ) अन्य | | | १२ | **विभाज्य कोष फिर्ता** | | |
| ४ | **वित्तीय हस्तान्तरण (प्रदेश)** | | **२३९९६८९१.३४** | १३ | **अनुदान फिर्ता** | | |
| | क) समानीकरण अनुदान | ९७१५०००.०० | | | **संघ तर्फ** | | **४७६२२०४४.७१** |
| | ख) राजस्व | [illegible] | | | **क) सशर्त** | [illegible] | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाँडफाँट | ७४२११५०.३४ | | | अनुदान | ४६८०४१०६.७१ | |
| | ग) सशर्त अनुदान | ३१२४८३०.०० | | | **ख) विशेष अनुदान** | | |
| | घ) समपुरक अनुदान | ३७३५९११.०० | | | **ग) समपुरक अनुदान** | | |
| | ङ) विशेष अनुदान | | | | **प्रदेश तर्फ** | | |
| | च) रोयल्टी | | | | क) सशर्त अनुदान | ८१७९३८.०० | |
| | छ) अन्य | | | | ख) विशेष अनुदान | | |
| **५** | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **१६४७०६३७०.७१** | | ग) समपुरक अनुदान | | |
| | क) सामाजिक सुरक्षा | १६२९२३३७०.७१ | | | | | |
| | ख) विद्यालय शिक्षा क्षेत्र योजना | २५८०००.०० | | | | | |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५२५०००.०० | | | | | |
| ६ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | | | | |
| ७ | **ऋण/ वित्तीय व्यवस्था** | | | | | | |
| ८ | **धरौटी आय** | १०५५५९९०.०७ | **१०५५५९९०.०७** | | | | |
| ९ | **कार्यसञ्चालन कोष आय** | १६३६४९९.८३ | **१६३६४९९.८३** | | **अन्तिम मौज्दात** | | **११२४०२२७८.०२** |
| १० | **घरजग्गा रजिष्ट्रेसन दस्तुर** | १७५०२६७४.०० | **१७५०२६७४.००** | | क) संचित कोषको मौज्दात | ७९७८८२०५.३२ | |
| ११ | **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | | ख) धरौटी | २०२१२७७४.०० | |
| १२ | **अन्य आय भएमा** | | | | ग)कार्य सञ्चालन कोष | १२४०१२९८.७० | |
| | **जम्मा** | **९०९१५९४८४.७४** | **९०९१५९४८४.७४** | | **जम्मा** | **९०९१५९४८४.७४** | **९०९१५९४८४.७४** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण एवं विश्लेषण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पछिल्लो पटक संशोधन सहितको मिति २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

३.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी

अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६२९०४०८०.७१, विद्यालय शिक्षा क्षेत्र योजनामा रु.२५८००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.१५२५०००, गरी रु.१६२९२३३७०.७१ एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत विवरणमा(म.ले.प.फा.नं २७०) सबै कारोबारहरु नसमेटिदा उक्त वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ। म.ले.प.फा.नं २७०-२ अनुसूचीमा संलग्न रहेको छ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.५,००,०००.००, यस वर्षको प्राप्ति रू.३७,१६,०३,३५३.२५, यस वर्षको भुक्तानी रू.४२,६९,७४,८१६.४१ र बैंक मौज्दातमा रु.२१७४३ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १०४०३१६३३.३६ | ५६२७५५९७२.६३ | ५५८९१८४४२.०४ | ११२३८०५३५.०२ |
| एकीकृतआर्थिक विवरणअनुसार | १०४०३१६३३.३६ | ८०५१२७८५१.३८ | ७९६७५७२०६.७२ | ११२४०२२७८.०२ |
| फरक | ० | २४२३७१८७८.७५ | २३७८३८७६४.६८ | २१७४३ |

सैद्धान्तिक बेरुजु

४ **बैंक हिसाब मिलान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ:

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | ७९७८८२०५.३२ | ७९७८८२०५.३२ |
| २ | चालु खाता | ० | ० |
| ३ | पूँजीगत खाता | ० | ० |
| ४ | मर्मत खाता | ० | |
| ५ | कल्याण कोष तथा विविध कोष खाता | ३९,३८,२००.०० | ३९,३८,२००.०० |
| ६ | प्रकोप व्यवस्थापन कोष खाता | ८२,५६,२५२.७० | ८२,५६,२५२.७० |
| ७ | विविध खर्च खाता | २,०६,८४६ | २,०६,८४६ |
| ८ | नगर सरसफाई कोष खाता | ० | ० |
| ९ | धरौटी खाता | २०२१२७७४ | २०२१२७७४ |
| जम्मा | | ११२४०२२७८.०२ | ११२४०२२७८.०२ |

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली निर्माण गरेको पाइएन। पालिलकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्छ। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहाय बमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) बमोजिम सार्वजनिक खरिद नियमावली निर्माण गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• राजस्व सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख सङ्कलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन,

• लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन,

• दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा प्रतिवेदन दिने गरेको पाइएन,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र समयमै पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८१/०४/२३ गते रु. ६८,९१,५३,०००/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०४/२३ मा पारित भएको छ। विभिन्न कारणले कानूनले तोकिएको समयमा बजेट पेश हुन सकेको छैन। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०४/२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **बजेट विनियोजन/खर्च:**

यस वर्ष पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ :

| | | | | | रु.हजारमा |
|---|---|---|---|---|---|
| **विनियोजन** | | | **खर्च** | | |
| **कुल बजेट** | **चालु बजेट** | **पूँजीगत बजेट** | **कूल खर्च** | **चालु खर्च** | **पूँजीगत खर्च** |
| ६९०१२३ | ४१२७६२ | २७७३६१ | ५५८९१८ | ३३९१९३ | २१९७२५ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.६९ करोड १ लाख २३ हजार बजेट विनियोजिन भएको मध्ये चालु खर्च रु.३३ करोड ९१ लाख ९३ हजार र पूँजीगत खर्च रु.२१ करोड ९७ लाख २५ हजार गरी कुल खर्च रु.५५ करोड ८९ लाख १८ हजार अर्थात चालु तर्फ ६०.६९ प्रतिशत र पूँजीगत तर्फ ३९.३१ प्रतिशत खर्च भएको छ। पूँजिगत तर्फ विनियोजन दक्षता र खर्च सक्षमता वृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | असार महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | सङ्घीय पूँजीगत | ७७४२५ | २५२१९ | २२१९९ | २०८९४ | ९११३ | ९०५२ |
| २ | प्रदेश पूँजीगत | ५२२८ | ० | ० | ११० | ५११८ | ५११९ |
| ३ | गाउँपालिका पूँजीगत | १३७०७१ | २०६३ | ५५४० | २३६७२ | १०५७९६ | ७३८३३ |
| **कूल खर्च** | | **२१९७२४** | **२७२८२** | **२७७३९** | **४४६७६** | **१२००२७** | **८८००४** |
| **खर्च प्रतिशत** | | | **१२.४२** | **१२.६२** | **२०.३३** | **५४.६३** | **४०.०५** |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ मात्र वार्षिक रू.२१ करोड ९७ लाख २४ हजार निकासा/ खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रू.२ करोड ७२ लाख ८२ हजार(१२.४२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२ करोड ७७ लाख ३९ हजार(१२.६२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.४ करोड ४६ लाख ७६ हजार(२०.३३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१२ करोड २७ हजार(५४.६३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसै गरी असार महिनामा मात्र रू.८ करोड ८० लाख ४ हजार(४०.०५ प्रतिशत) खर्च भएको देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च सन्तुलित नहुनुले विनियोजन दक्षता तथा खर्च गर्ने सक्षमता कमजोर रहेको पुष्टी गर्दछ। विनियोजित बजेटको स्वीकृत कार्यक्रम अनुसार सन्तुलित रूपमा कार्यान्वयन गरिनु पर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९ **अनुदान फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी विवरण देहाय अनुसार छ :

| **(रु.हजारमा)** | | | | |
|---|---|---|---|---|
| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** |
| सङ्घीय सरकार | शसर्त अनुदान | २७४२२७ | २२७४२२ | ४६८०५ |
| | विषेश अनुदान | ० | ० | ० |
| | समपुरक अनुदान | १०५६९ | १०५६९ | ० |
| **जम्मा** | | **२८४७९६** | **२३७९९१** | **४६८०५** |
| प्रदेश सरकार | शसर्त अनुदान | ३१२४ | २३०७ | ८१७ |
| | विषेश अनुदान | ० | ० | ० |
| | समपुरक अनुदान | ३७३६ | ३७३६ | ० |
| **जम्मा** | | **६८६०** | **६०४३** | **८१७** |
| **कुल जम्मा** | | **२९१६५६** | **२४४०३४** | **४७६२२** |

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रू.२८ करोड ४७ लाख ९६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.२३ करोड ७९ लाख ९१ हजार बजेट खर्च भई बाँकी रू.४ करोड ६८ लाख ५ हजार मिति २०८१।३।२९ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। त्यस्तै प्रदेश सरकारबाट रू.६८ लाख ६० हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.६० लाख ४३ हजार खर्च भई बाँकी रकम रू.८ लाख १७ हजार मिति २०८१।३।२७ मा प्रदेश सञ्चित कोषमा फिर्ता भएको देखिन्छ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक लेखापरीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा एक पटक मात्र गरेको छ।

सैद्धान्तिक बेरुजु

११ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु/ गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नु/ गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **खर्च विश्लेषण :**

पालिकामा यस वर्ष कूल आन्तरिक आय रु.७,२२,६७,७२३.४५, राजश्व बाँडफाँडबाट रु.१२,७६,८५,६९६.३२, अन्य आय तर्फ रु.६०,५१,७४,४३१.५० समेत रू.८,०५१,२७,८५१.३८ आम्दानी भएकोमा चालु तर्फ रु.३३ करोड ९१ लाख ९३ हजार र पूँजीगत तर्फ रु.२१ करोड ९७ लाख २५ हजार गरी कूल रु.५५ करोड ८९ लाख १८ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक स्रोतको अंश ७.७३ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी नियमित सुविधा, पदाधिकारी बैठक भत्ता, पदाधिकारी अन्य सुविधा तथा पदाधिकारी अन्य भत्ता तर्फ कुल रु.८५ लाख ९५ हजार खर्च भएको छ, जुन आन्तरिक राजस्वको ११.८९ प्रतिशत(पदाधिकारी सुविधामा) खर्च भएको छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समन्यायिक र दिगो विकासको क्षेत्रगत सन्तुलित रुपमा बजेट विनियोजन एवं खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,२०,१६,०००.०० | २,९०,४२,२१०.२० | ५.१९ |
| २ | पूर्वाधार विकास | १३,६६,५०,०००.०० | ९,७०,७५,१५६.०० | १७.३७ |
| ३ | सामाजिक विकास | ३६,३८,८३,०००.०० | ३०,११,३९,६४५.६९ | ५३.८८ |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५,२३,९४,०००.०० | ४,४०,३९,३८६.९५ | ७.८८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९,५१,८०,०००.०० | ८,७६,२२,०४३.२० | १५.६८ |
| **जम्मा** | | **६९,०१,२३,०००** | **५५,८९,१८,४४२.०४** | **१००** |

उपर्युक्त विवरण अनुसार पालिकाको सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.८८ प्रतिशत र आर्थिक विकासको क्षेत्रमा सबै भन्दा घटी अर्थात ५.१९ प्रतिशत खर्च गरेको छ भने वातावरण र विकास क्षेत्रमा बजेट विनियोजन नै गरिएको छैन। पालिकाले प्राथमिकताका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **वार्षिक खरिद योजना/गुरू योजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरू योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट पूँजीगत खर्च/ खरिद वा निर्माण कार्य गर्दा खरिद गुरू योजना बनाएको पाइएन।

सैद्धान्तिक बेरुजु

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क

सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालिन विषयलाई भन्दा सालबसाली विषयलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासको लागि आवधिक योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **योजना छनौट र कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरू को विवरण देहाए बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४ | २२५००० |
| २ | रू.१ लाख देखि रू.३ लाखसम्मका योजना | ८४ | १७७३०००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाखसम्मका योजना | ६६ | ३११५६००० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाखसम्मका योजना | २८ | २०९५०००० |
| ५ | रू.१० लाख देखि माथि रू.२० लाखसम्मका योजना | २२ | २७९००००० |
| ६ | रू.२० लाख भन्दा माथिका योजना | २२ | १८०४१८००० |
| **जम्मा** | | **२६** | **२७८३७९०००** |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना ४, १ लाख देखि ३ लाखसम्मका ८४, ३ लाख देखि ५ लाखसम्मका ६६, ५ लाख देखि १० लाखसम्मका २८, १० लाख देखि २० लाखसम्मका २२ र रु.२० लाख भन्दा माथिका २२ गरी कुल जम्मा २२६ योजनामा बजेट विनियोजन गरेको देखिन्छ। यसरी साना र वितरणमुखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुन जाने हुनाले पालिकाले योजना बनाउदा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधारमा योजना छनौट गरी पालिकाको बृहत्तर एवं योजनाबद्ध विकासमा योगदान पुग्ने, गरिबी निवारणमा प्रत्यक्ष योगदान रहने, जनताको जीवनस्तर र रोजगारी बढाउने, दिगो विकास, वातावरण संरक्षण, सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **पूँजीगत खर्चको विस्तृत विवरण: यस पालिकाकोको यस वर्षको पूँजीगत खर्चको विवरण देहाय अनुसार रहेको छ :**

| क्र.सं. | उपशीर्षकको नाम | खर्च शीर्षक नम्बर | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | पूँजीगत तर्फ | विभिन्न | खुला बोलपत्र | ६ | ३८५२७९४२ |
| २ | | | सिलबन्दी दरभाउपत्र | ४ | ५५२१५१४ |
| ३ | | | सोझै | ११ | १००६९३३८ |
| ४ | | | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १३८ | १६५१०११७९ |
| ५ | | | कन्टिजेन्सी | १ | ५०५००० |
| **जम्मा** | | | | | **२१९७२४९७३** |

माथि उल्लेखित विवरण अनुसार खुला बोलपत्रको मध्यमबाट ६ वटामा रु.३ करोड ८५ लाख २७ हजार, सिलबन्दी दरभाउ पत्रबाट ४ वटामा रु.५५ लाख २१ हजार, सोझै खरिदको माध्यमबाट ११ वटामा रु.१ करोड ६९ हजार र उपभोक्ता समूहबाट १३८ वटा रु.१६ करोड ५१ लाख १ हजार तथा कन्टीन्जेन्सीमा रु.५ लाख ५ हजार गरी कुल रु.२१ करोड ९७ लाख २४ हजारको खरिद गरेको छ।

सैद्धान्तिक बेरुजु

२० **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन भने ठेक्का प्रक्रियाबाट कार्य गराइएकोमा ठेक्का बील पेश गरेको देखिन्छ। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **ठेक्का बन्दोवस्त :**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा योजना | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ६ | ३८५२७९४२ | ० | ० | ० | ० | ६ | ३८५२७९४२ | ५ | ३२१४६७७६ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले कुल ६ योजनाको लागि रू.३ करोड ८५ लाख २७ हजार लागतको ठेक्का बन्दोवस्त गरेकोमा प्रथम र दोश्रो चौमासिकमा कुनै ठेक्काको बन्दोबस्ति नभएको र तेस्रो चौमासिकमा ६ आयोजनाको लागि रू.३ करोड ८५ लाख २७ हजार ठेक्का व्यवस्थापन भएको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत यस वर्ष ६ वटा योजनाहरू रु.३ करोड ८५ लाख २७ हजारको सम्झौता भएकोमा रू. ३ करोड २१ लाख ४६ हजार खर्च भएको, आर्थिक वर्षको अन्त्यसम्ममा ५ वटा योजनामात्र सम्पन्न भई १ बाँकी देखिन्छ। बाँकी योजना समयमा नै सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **ठेक्का प्रतिस्पर्धा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा २०.२ देखि ३७ प्रतिशतसम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा कार्य गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क.सं. | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | मोतिपुर बर्सौसी सडक निर्माण | २० | १९८८९६२० | १२४७१२७९ | ३७ | हाइल्याण्डर इन्जिनियरिङ्ग कन्ट्रक्सन |
| २ | बगरी बाँध निर्माण | ४ | ८०६६०१२ | ६३८११६६ | २०.२ | प्रितम बिल्डर्स |
| ३ | घाँघर महजिदिया सडक सौन्दर्यिकरण | ३ | ७४८०३८९ | ४८९०१९३ | ३४.६३ | रुद्रवेनी कन्ट्रक्सन एण्ड सप्लायर्स |
| ४ | गापा प्रशासनिक भवनको इन्टेरियर डिजाइन | २ | ४४६४५९० | ३३४५५६३ | २२.११ | बजरंगबी बिल्डर्स एण्ड सप्लायर्स |
| ५ | गुरुवानी माइ मावि भवन निर्माण | २ | ६७१७०८६ | ५११४०८२ | २४.९३ | शैलेस निर्माण सेवा |
| ६ | तिनाउ लिफ्टिङ सिचाई आयोजना | ४ | ६१४८१०० | ४५६६७६५ | २५.५४ | हाइल्याण्डर इन्जिनियरिङ्ग कन्ट्रक्सन |

यसरी लागत अनुमानको तुलनामा २०.२ देखि ३७ प्रतिशतसम्म घटी कबोल गर्दा कामको गुणस्तर र दिगोपनामा समेत ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **निर्माण कार्य व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(८) तथा सोही नियमावलीको नियम ९७ बमोजिम पालिकाले यस वर्षमा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ :

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| १४४ | ६ | ३८५२७९४२ | १३८ | १६५१०११७९ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १४४ योजना मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु. ३ करोड ८५ लाख २७ हजार भुक्तानी गरेको देखिन्छ भने उपभोक्ता समिति मार्फत १३८ योजनामा रु.१६ करोड ५१ लाख १ हजार खर्च गरेको देखिन्छ। पालिकाबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका विषयहरू समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नु/ गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **गुणस्तर व्यवस्थापन :**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्ता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो। निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन। निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/ वेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन।

सैद्धान्तिक बेरुजु

२५ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फस्यौंट/ कारवाही भएका विवाद | फस्यौंट/ कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | ८२ | ८६ | ८२ | ४ |

उपरोक्त विवरण अनुसार गत वर्षबाट सरेका ४ विवाद, यस वर्ष दर्ता भएका ८२ वटा विवाद गरी ८६ जम्मा विवाद मध्ये ८२ विवाद उपर फस्यौंट/ कारवाही भई ४ विवाद बाँकी रहेकोले ऐनले तोके अनुसारको समयमा नै फछ्र्यौंट गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **कानुन निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरू ले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १. | नीति | - |
| २. | ऐन | १८ |
| ३. | नियमावली | ३ |
| ४. | कार्यविधि, नम्स तथा निर्देशिका | १६ |
| | **जम्मा** | **३७** |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १८ ऐन, ३ नियमावली र १६ कार्यविधि निर्देशिका गरी जम्मा ३७ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ। सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

सैद्धान्तिक बेरुजु

२७ **सेवा प्रवाहको स्थिति:**

यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | १०५७ |
| मृत्यु दर्ता | ३२६ |

| | |
|---|---|
| बसाईसराई दर्ता | ११६ |
| विवाह दर्ता | ४३० |
| सम्बन्ध विच्छेद दर्ता | १९ |
| **जम्मा** | **१९४८** |

पालिकाले यस वर्ष जन्मदर्ता १०५७, मृत्यु दर्ता ३२६, विवाह दर्ता ४३०, सम्बन्ध बिच्छेद दर्ता १९, बसाईसराई दर्ता ११६ गरी १९४८ वटा पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भुमिहिन दलित ११०, भुमिहिन सुकुम्बासि १६७, अव्यवस्थित बसोबासी ६५७ गरी ९३४ को लगत सङ्कलन गरेको छ। अतः पालिकाले प्राप्त गरेको यस निवेदनहरुको सम्बन्धमा आवश्यक ऐन, कानून नीति कार्यविधि अन्तर्गत रही कार्य सम्पादन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **बढी भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा बील भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले प्रदेश सरकारबाट हस्तान्तरित बङ्गेरी सिंचाई बाध निर्माण गर्नका लागि प्रितम बिल्डर्ससँग मिति २०८२/२/१५ मा काम सक्ने गरी मिति २०८२/१/९ मा रु. ६३८११६६।४७ सम्झौता गरी भौ.नं. ८ मिति २०८२/३/२४ मा प्रथम रनिङ बील वापत रु. १४,३९,८५६ भुक्तानी गर्दा बीमा वापतको वि.ओ.क्यु मा रु. ५०,००० राखेकोमा बील ४४,७०४।८४ मात्र भएकाले बील भन्दा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५,२९५ |
|---|---|

२९ **म्याद थप सम्बन्धमा :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिएमा निर्माण व्यवसायीले कारण खुलाई म्याद थपको लागि निवेदन दिन सक्ने व्यवस्था बमोजिम निर्माण व्यवसायीहरुलाई कति म्याद आवश्यक पर्ने हो सो नखुलाई गाउँ सभाको मिति २०८२/३/१० गते बसेको बैठकको सि.नं. ७ मा तोकिएको समयमा काम हुन नसकेका सबै योजनाहरूको म्याद मिति २०८२ पौष मसान्तमा म्याद थप गर्ने एउटै निर्णयबाट म्याद थप गरेको छ।

सैद्धान्तिक बेरुजु

३० **कार्यक्रम संशोधन सम्बन्धमा :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले एक आर्थिक वर्षमा आवश्यक पर्ने औषधी सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्न सूचना प्रकाशन गरी भौ.नं. ५३ मिति २०८२/१/१४ मा समुन्द्र मेडिको फर्म बाट रु. १८,८१,६१७।९८ र आधारभुत तथा आकस्मिक स्वास्थ्यको लागि भनि भौ.नं. ८१ मिति २०८२/३/१९ मा क्यान्डेला मेडि कन्सर्नबाट रु. १७,०५,८१९ गरी रु. ३५,८७,४३६.९८ को औषधी खरिद गरिसकेपछि कार्यक्रम संशोधन नगरी बजेट बाँकी रहेको भनि पुन: मिति २०८२/३/२२ मा जुम्रु फर्मास्टुकल्स प्रा.लि. बाट रु.६,१०,००० को औषधी खरिद गरी भुक्तानी दिएकोमा कार्यक्रम संशोधन नगरी बजेट बाँकी रहेको भनि खर्च गरेको नियमित नदेखिएको रु.

| अनियमित भएको | ६,१०,००० |
|---|---|

३१ **औषधि खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी २ पटक सोझै विधिवाट रु. ४१,९७,४३६।९८ को खरिद गरेको छ। यसबाट आपूर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच नं, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत वीज्ञ वाट मुचुल्का उठाइ राख्ने नगरेको, आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन। औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३२ **वितरणमुखी कार्यक्रम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाउँदा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने साथै सोही ऐनको दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले वडा स्तरीय ग्यास सिलिण्डर वितरण कार्यक्रमको योजना राखी वि.एम सप्लायर्सबाट २४० थान ग्यास सिलिण्डर, १९७ थान ग्यास चुल्हो, ढुवानी गरी निजलाई रु. १६,९६,४१२ भुक्तानी दिएको देखिएकोले जनताको जीवनस्तर उकास्ने, उत्पादन बढाउने योजनामा खर्च नगरी गरिब वा विपन्न पहिचान सम्बन्धी कार्यविधि वा मापदण्ड बेगर वडा समितिको सिफारिसको आधारमा भर्पाई गरी वितरण गरेकोमा गरिव वा विपन्नको प्रमाण पेश नभई खर्च गरेको नियमसम्मत नभएको रु.

| अनियमित भएको | १६,९६,४१२ |
|---|---|

३३ **गत विगतको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (घ) मा वहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउनुपर्ने व्यवस्था रहेको छ। साथै सोही ऐन को नियमावली, २०७७ को नियम ३९(२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने, सोही नियमावलीको नियम ३९(१३) मा चालु खर्चको बजेटले नखाम्ने खर्च व्यहोर्न पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरेको ढाँचामा भुक्तानी बाँकीको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले आगामी वर्षको बजेट बनाउँदा स्रोतको सुनिश्चितता नभै बजेट तथा कार्यक्रम बनाउने र सोही अनुसार कार्यान्वयनमा जाँदा रकमको अभाव भै सोही आर्थिक वर्षमा भुक्तानी हुन नसकी अर्को वर्षमा खर्चको जिम्मेवारी सारेको देखिन्छ। पालिकाबाट उपलब्ध विवरणका आधारमा गत वर्षको २८ वटा योजनामा रु. २,६४,५४,२२९ गत वर्षको भुक्तानी गरेको छ। बजेट तथा कार्यक्रम बनाउँदा सोही आर्थिक वर्षमा सम्पन्न गर्न सकिने गरी कार्यक्रम, योजना तथा बजेटको व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **कृषि अनुदान सम्बन्धमा (चैते धान) :**

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को सि.नं. ९ को (४) मा सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नुपर्ने लगानी रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी, ऋण स्वीकृत भएको बैंकको प्रतिवद्धता पत्र बैंक ग्यारेन्टी) राखिसके पछि अनुदान दिन सकिने व्यवस्था रहेको छ। पालिकाले चैते धान कार्यक्रम अन्तर्गत एक कृषकलाई धानको वीउ, इलेक्ट्रिक स्प्रे मेशिन, विषादी/ मल लगायतका सामान खरिद गरी रु. १९०००० बील राखी सोको २५ प्रतिशत अनुदान वापत रु. ४७५०० भुक्तानी दिएको उक्त रकम सुरक्षाका लागि लाभग्राही समुदायको लगानी सुनिश्चित हुन ५० प्रतिशतले हुने रकमको बैंक जमानत ऋण, नगद पेश गरेपछि मात्र अनुदान दिनुपर्नेमा सो नगरी बील रकमको २५ प्रतिशतले हुने रकम भुक्तानी गरेकोमा कार्यविधिको व्यवस्थाको पालना भएको पाइएन।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **प्रमाण पेश नभएको:** (३३/२०८१।११।१२/):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरिद गर्न वा सेवा उपलब्ध गराउन कुनै व्यक्ति तथा संस्थालाई पेस्की दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई ट्रान्सफर्मर खरिद गर्नका लागि विद्युत प्राधिकरणलाई दिएको रु. ५,००,००० खर्चको फाँटवारी पेश नभएको रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

३६ **आयकर कम कट्टा :** (२३४-२०८२/३/२५/):

आयकर ऐन, २०५८ को दफा ८८ मा पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले शैक्षिक सुशासनका लागि क्षमता विकास इमिस रिपोर्ट तयार, भेरिफिकेशन लगाएतका कार्य पटक गर्दा भुक्तानी गरेकोमा कम कर कट्टा गरेकाले निम्नानुसारका कर्मचारीबाट निम्नानुसार कर कट्टा गरी दाखिला गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **भुक्तानी रकम** | **कर कट्टा** | **कम कर कट्टी** |
|---|---|---|---|
| नारायण लामिछाने | १५००० | २२५ | २०२५ |
| रामप्रसाद भट्टाराई | २०००० | ३०० | २७०० |
| भुपण भुसाल | ५००० | ७५ | ६७५ |
| सूर्य प्रकाश खनाल | १०००० | १५० | १३५० |
| शिव अर्याल | ५००० | ७५ | ६७५ |
| **जम्मा** | | | ७४२५ |

| असुल गर्नुपर्ने | ७,४२५ |
|---|---|

३७ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शिर्षकबाट रु.४०२६५१७ खर्च गरेको छ, जुन आन्तरिक राजस्वको ५.५७ प्रतिशत हुन आउँछ। जसमध्ये सभा सञ्चालन, अतिथि सत्कार, विभिन्न समितिको बैठक तथा खाजा खर्च तथा अन्य कार्यक्रममा भएको विविध खर्च लगायत रहेको छ। खर्चको स्पष्ट मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **विषय** | **रकम** |
|---|---|
| सभा सञ्चालन भएको खर्च | ६७३०११ |
| अतिथि सत्कारमा भएको खर्च | ३९१२६१ |
| विभिन्न समितिको बैठक तथा खाजा खर्च | १२००००० |
| अन्य कार्यक्रममा भएको विविध खर्च | १७६२२४५ |
| **जम्मा** | **४०२६५१७** |

सैद्धान्तिक बेरुजु

३८ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**
लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। पालिकाले यस वर्ष पालिका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको भएतापनि, साविक जिल्ला विकास समितिबाट समायोजन भई आएका ९ जना कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.४८४९७६१ तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **दरबन्दी र पदपूर्ति :**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन्:

| क्र सं | पद | तह | सेवा | समूह | स्वीकृत दरबन्दि | पदपूर्ति | | पदपूर्ति हुन बाकी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | शाखा अधिकृत | प्रशासन | सा.प्र. | १ | १ | | |
| २ | इन्जिनियर | ७/८ औँ | इन्जि. | सिभिल | १ | | | १ |
| ३ | अधिकृत | ७/८ औँ | शिक्षा | शि.प्र. | १ | १ | | |
| ४ | अधिकृत | ७/८ औँ | प्रशासन | लेखा | १ | १ | | |
| ५ | अधिकृत | ६/७ औँ | प्रशासन | सा.प्र. | २ | १ | | |
| ७ | आन्तरिक लेखापरीक्षक | ५ औ | प्रशासन | लेखा | १ | १ | | |
| ९ | लेखा सहायक | ५/६ औ | प्रशासन | लेखा | १ | १ | | |
| १० | प्रशासन सहायक | ५/६ औ | प्रशासन | सा.प्र. | ५ | ५ | | |
| ११ | प्रा.स. | ५/६ औ | शिक्षा | शि.प्र. | १ | १ | | |
| १३ | कम्प्यूटर अपरेटर | | | | १ | १ | | |
| १६ | खा.पा.स.टे. | चौथो/५ औ | इन्जि. | सिभिल | १ | | १ | |
| १७ | सव इन्जिनियर | ५ औ/६ औ | इन्जि. | सिभिल | ४ | ४ | | |
| १८ | सहायक | चौथो/५ औ | प्रशासन | सा.प्र. | ७ | ७ | | |
| १९ | अ. सव इन्जिनियर | चौथो/५ औ | इन्जि. | सिभिल | ६ | ६ | | |
| २० | महिला विकास निरीक्षक/सहायक महिला विकास निरीक्षक | चौथो/५ औ | विविध | | १ | १ | | |
| २४ | नगर प्रहरी हवलदार | | | | | | १ | |
| २६ | नगर रक्षक जवान | | | | | | ४ | |
| २९ | ह.चा.स. | | | | | | २ | |
| ३० | कार्यालय सहयोगी | | | | | | १४ | |
| **कार्यालय र वडा तर्फ जम्माः** | | | | | **३४** | **३२** | **२२** | **१** |
| **भेटनरी तर्फ** | | | | | | | | |
| १ | अधिकृत | ६/७ औ | पशु सेवा | ला.पो.डे.डे. | १ | १ | | |
| २ | सहायक | ५/६ औ | पशु सेवा | भेटेरिनरी/ला.पो.डे.डे./कृषि/मत्य | ३ | ३ | | |
| ३ | सहायक | चौथो | पशु सेवा | भेटेरिनरी | १ | १ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | सहायक | चौथो | पशु सेवा | ला.पो.डे.डे. | १ | | | १ |
| **जम्मा** | | | | | **६** | **५** | | **१** |
| **कृषि तर्फ** | | | | | | | | |
| १ | अधिकृत | ७/८ औ | कृषि सेवा | कृषि प्रसार | १ | १ | | |
| २ | सहायक | ५/६ औ | कृषि सेवा | कृषि प्रसार | २ | २ | | |
| ३ | सहायक | चौथो | कृषि सेवा | कृषि प्रसार | १ | १ | | |
| **जम्मा** | | | | | **४** | **४** | | |
| **कुल जम्मा** | | | | | **४४** | **४१** | **२२** | **२** |

सैद्धान्तिक बेरुजु

४० **करार कर्मचारी व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले रिक्त विभिन्न पदमा ४३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. २ करोड ३३ हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक कम्प्यूटर अपरेटर, अ.न.मी., अहेव, ल्याब असिस्टेन्ट लगायतका पदहरुमा ९ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता रु.४६ लाख १ हजार ९२३ भुक्तानी गरेको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४६,०१,९२३ |
|---|---|

४१ **दरबन्दी भन्दा बढी काजमा :**

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ (ख) मा सार्वजनिक निकायले कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ। त्यस्तै कर्मचारी समायोजन ऐन २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरवन्दी पूर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दी कायम भएका सम्वन्धित सेवा समुहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसंग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार स्वास्थ्य सेवाको लागि स्वीकृत दरवन्दी भन्दा बढी सहायक चौथो तहमा १ जना कर्मचारीहरु काजमा राखी कर्मचारी पारिश्रमिक तथा सेवासुविधा बापत जम्मा रु.६,४१,८७०.४० भुक्तानी गरेकाले स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी काजमा राखी खर्च लेखेको अनियमित देखिएको रु.

| अनियमित भएको | ६,४१,८७० |
|---|---|

४२ **कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै, नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन बमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषवाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुको लागि यस वर्ष तलव भत्ता खर्च लेखे पनि दश प्रतिशतले हुन आउने रकम कट्टा गरी सोही बमोजिम पालिकाले समेत अवकाश कोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन। स्थानीय सेवा सम्वन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिकाको सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.६ लाख खर्च गरेको छ। अवकाश हुदाँ पाउने रकम योगदानमा आधारित बनाउने तर्फ कानुनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४३ **दोहोरो भुक्तानी :**

नेपाल सरकार कार्यसञ्चालन निर्देशिका, २०८१ को अनुसूची ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्च मापदण्डको व्यवस्था छ। सो अनुसूचीको सि.नं. १५ मा तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक पाइने छैन भन्ने व्यवस्था रहेको छ। पालिकामा सञ्चालित निम्नानुसारका कार्यक्रममा संयोजक भत्ता र प्रतिवेदन वापतको भत्ता दोहोरो हुने गरी निम्नानुसार भुक्तानी भएको देखिएकाले अतिरिक्त पारिश्रमिक असुल गर्नुपर्ने रु.

| क्र.सं. | भौ.नं.र मिति | कार्यक्रमको नाम | कर्मचारी | रकम रु. |
|---|---|---|---|---|
| १ | २७३-२०८१/९/२४ | वडाध्यक्ष कप क्रिकेट प्रतियोगिता | अस्मिता घिमिरे पोखेल | १७०० |

| | | | | |
|---|---|---|---|---|
| २ | ३४६-२०८१/१०/१४ | मल वितरण कार्यक्रम | नरदिप यादव | १७०० |
| ३ | ६९०/२०८२।१।११ | सुनौला हजार दिन कार्यक्रममा संयोजक प्रतिबेदक तथा उपस्थित भत्ता भुक्तानी | भाष्कर आत्रेय | १२७५ |
| **जम्मा** | | | | **४६७५** |

| असुल गर्नुपर्ने | ४,६७५ |
|---|---|

४४ **अनुगमन तथा सहजीकरण भत्ता :** (३४६/२०८१।१०।१४/):
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वडा नं. ३ मा आर्गनिक गडयौला मल वितरण तथा प्राविधिक तालिम कार्यक्रम सञ्चालन(वडा कार्यालयमा) गरेको छ। सो कार्यको लागि कार्यालयका देहायका कर्मचारीहरुले अनुगमन गरेको भनि अनुगमन भत्ता भुक्तानी भएको देखिएकोले वडा स्तरमा नै सञ्चालन भएको मल वितरण(खाजा उपलब्ध गराइएको) कार्यक्रमको अनुगमन तथा सहजीकरण गरे वापत भुक्तानी भएको रकम देहाय बमोजिम असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम थर | संख्या | दर | करकट्टी पछी भुक्तान रकम |
|---|---|---|---|---|
| १ | मोहमद रफिक खाँ | २ | १००० | १७०० |
| २ | सुनल कुमार थारु | २ | १००० | १७०० |
| ३ | जगरनाथ थारु | २ | १००० | १७०० |
| ४ | शकुन्तला अग्रहरी | २ | १००० | १७०० |
| ५ | माधुरी धोवी | २ | १००० | १७०० |
| ६ | राम किसुन दुसाद | २ | १००० | १७०० |
| ७ | युवराज थारु | २ | १००० | १७०० |
| जम्मा | | | | ११९०० |

| असुल गर्नुपर्ने | ११,९०० |
|---|---|

४५ **विद्यालय अनुदान :**
शिक्षा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ मा निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म सामुदायिक विद्यालयहरूलाई विद्यालय गतिविधिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सङ्घीय सरकारबाट गतिविधिसंग सम्वन्धित क्रियाकलापमा अनुदान निकासा दिने व्यवस्था रहेको छ। पालिकाले सो कार्यविधि भन्दा बाहिर अनुदान व्यवस्थापन सम्बन्धी कानून एवं कार्यविधि समेत तयार नगरी निम्नानुसारका विद्यालयलाई वडा समितिको निर्णय समेतको आधारमा बजेट विनियोजन गरी अनुदान निकासा दिएकोमा सो अनुदान निकासा दिएको अनियमित देखिएको रु.

| क्र.सं. | गो.भौ.नं./मिति | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७१३/२०८१।११।२२ | जनचेतना आधारभूत विद्यालय मनकोलवा | २१३७५० | वडा समितिले निर्णय गरी शिक्षक नियुक्ति वापत |
| | ५५७/२०८१/१२।४ | | २९०७९१ | |
| | ९२९/२०८२।३।९ | | १४९७०० | |
| २ | ९०८/२०८२।३।६ | गैरीगट्टी रामदुलारे मिश्र मा वि | १००००० | वडा समितिको निर्णय अनुसार +२ तर्फ शिक्षक व्यवस्थापन |
| ३ | ८९१/२०८२।३।३ | जनता प्रा.वि. | ९९००० | |
| ४ | ८१९/२०८२।२।२१ | तीनाउ मा.वि. बेथरी | २००००० | वडा समितिको निर्णय अनुसार शैक्षिक व्यवस्थापन खर्च |
| ५ | ८६४/२०८२।२।२९ | वडा नं. ५ वडा स्तरिय मदरासहरुको व्यवस्थापन अनुदान | ५००००० | |
| ६ | ७०६/२०८२।१।१६ | सुण्डी मा वि | ५००००० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | ६१८/२०८२।१२।२० | सेमरी मा वि | ५००००० | |
| जम्मा | | | २५५३२४१ | |

| अनियमित भएको | २५,५३,२४१ |
|---|---|

४६ **अन्य निकायको नाममा खर्च :**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना बेगर कार्यालयले छुटै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई निम्नानुसार भुक्तानी गरेको छ। यसरी अन्य निकायको भुक्तानी गर्नु नियमित नदेखिएको रु.

| क्र.सं. | मिति | भौ. नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३ | ०९/१२/२०८१ | २४९ | प्रहरी चौकीको नाम तथा रंगरोगन वडा नं ८ को सिफारिसमा भुक्तानी | ४२४८५ |
| ५ | ०३/०५/२०८२ | ९८३ | इलाक प्रहरी वेथरीमा गेट निर्माण | ७९३३५ |
| ७ | ०३/२२/२०८२ | १०९६ | कारागार रुपन्देहीको फर्निचर समाग्री खरिद वापतको रकमभुक्तानी | ११०९९६ |
| ८ | ०३/२४/२०८२ | ११४९ | अस्थाई प्रहरी चौकीको किचन कोठा निर्माण | ११५००० |
| जम्मा | | | | ३४७८१६ |

| अनियमित भएको | ३,४७,८१६ |
|---|---|

४७ **प्राकृतिक चिकित्सालाई अनुदान :** (९५९/२०८२।३।१५/):
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषयहरु तोकिएको छ। सोही नियमको उपनियम (ख) मा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सैनामैना प्राकृतिक चिकित्सालयलाई अनुदान वापत रु.५,००,००० भुक्तानी दिएकोमा उक्त उपनियम बमोजिम सरकारी रकम खर्च गर्दा प्रचलित कानून बमोजिम खर्च भएको एकिन गर्न नसकिने तथा खर्चको आवश्यक प्रमाण समेत पेश भएको नदेखिएकोले उक्त रकमको खर्चको बील भर्पाई पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

४८ **नर्म्स भन्दा बढी भुक्तानी:** (८६०/२०८२।२।२९/):
लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा १३ को अनुसूची ५ को बुदाँ ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिममा सहायक स्तरको तालिमको लागि आन्तरिक स्रोत व्यक्तिलाई कार्यपत्र वापत रु.१५०० खर्च गर्ने मापदण्ड तोकिएको छ। पालिकाले यस वर्ष सञ्चालन गरेको महिला उपभोक्ता समिति र टोल विकास संस्थाका पदाधिकारीहरुलाई योजना सञ्चालन सम्बन्धी अभिमुखिकरण तालिममा कार्यक्रमको प्रशिक्षण गरे वापत आन्तरिक स्रोत व्यक्तिलाई कार्यपत्र वापतको भुक्तानी दिदाँ तोकिएको मापदण्ड भन्दा बढी भुक्तानी दिएकोले उक्त बढी भुक्तानी तपसिलका व्यक्तिहरुबाट असुर उपर गरी दाखिला गर्नुपर्ने रु.

| नाम थर | कार्यपत्र सेसन | भुक्तानी दर | भुक्तानी भएको कुल रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी कर कट्टा पछी |
|---|---|---|---|---|---|
| मो. रफिक खान | १ | २५०० | १५०० | १००० | ८५० |
| पम्फा पन्थ | १ | २५०० | १५०० | १००० | ८५० |
| सुनिल कुमार थारु | १ | २५०० | १५०० | १००० | ८५० |
| जम्मा | | | | | २५५० |

| असुल गर्नुपर्ने | २,५५० |
|---|---|

४९ **बढी भुक्तानी:** (८६०/२०८२।२।२९/):
लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा १३ को अनुसूची ५ को सि.नं. ३ मा ७ कार्यदिन सम्मको तालिम कक्षागत रुपमा र सो भन्दा बढीको तालिममा आवधिक रुपमा स्रोत व्यक्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाको (२) मा ३० कार्यदिन भन्दा बढी मासिक मुख्य प्रशिक्षकलाई रु.४० हजार र सहायक प्रशिक्षकलाई रु.३२ हजार(२ जना सम्म स्रोत व्यक्ति राख्न सकिन)गरी कुल रु.७२ हजार सम्म प्रशिक्षक भत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका तालिम कार्यक्रमको लागत अनुमानको प्रस्तावना प्रत्रमा प्रशिक्षण वापत देहाय बमोजिमको प्रस्ताव स्वीकृत गरी उक्त संस्थाद्वारा जारी गरिएको मु.अ.कर बील बिजक बमोजिम भुक्तानी दिएको देखिएकोले स्वीकृत नर्म्स भन्दा बढी भुक्तानी भएको रकम देहाय बमोजिम असुल गर्नुपर्ने रु.

| गो.भौ./ मिति | कार्यक्रम/ विषय | भुक्तानी लिने | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी(कर कट्टी पछी) |
|---|---|---|---|---|---|
| ९१७/२०८२।३।८ | फेसन डिजाईन तालिम ३० दिने | ग्लोबल ट्रेनिङ्ग सेन्टर(६०९४३७२७४) | ७९२०० | ७२००० | ७०९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९१०/२०८२।३।६ | वेसिक व्यूटी पालर्स तालिम | आधार टेनिङ्ग सेन्टर(६१७९१०८३५) | ७९२०० | ७२००० | ७०९२ |
| **जम्मा** | | | | | **१४१८४** |

| असुल गर्नुपर्ने | १४,१८४ |
|---|---|

५० **नाफा मूलक संस्थालाई अनुदान :**
सहकारी ऐन २०७४ को दफा ५० मा सहकारी संस्थाले आफ्नो सदस्यहरुको मात्र बचत स्वीकार गर्ने, सोको परिचालन गर्ने र सदस्यहरुलाई मात्र ऋण प्रदान गर्न सकिने व्यवस्था रहेको छ। नेपाल सरकार मन्त्री परिषद्बाट स्वीकृत सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने कार्यविधि, २०७९ को सि.नं. ११(२) मा बचत तथा ऋणको कारोबार गर्ने संस्थालाई पूँजीगत अनुदान उपलब्ध नगराइने व्यवस्था छ। सो निर्देशिका विपरित पालिकाले निम्नानुसारका नाफा मूलक सहकारी संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| सि.नं. | सहकारीको नाम | रकम |
|---|---|---|
| १ | मायादेवी बहुउद्देश्यीय सहकारी संस्था | ४०००० |
| २ | तिलेश्वर कृषि सहकारी संस्था | ९९९४९ |
| **जम्मा** | | **१३९९४९** |

| अनियमित भएको | १,३९,९४९ |
|---|---|

५१ **कोष तथा लेखा नियन्त्रक कार्यालय भवन निर्माण :**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ मो नियम ३८(२) क मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौ.नं. ८८३ मिति २०८२/३/२ मा कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको सभाहल निर्माण गर्न सिद्धार्थनगर नगरपालिकाको विविध खातामा रु.७,००,००० निकासा दिएकोमा सङ्घीय सरकार अन्तर्गत रहेको कार्यालयको भवन निर्माण सङ्घीय सरकारले नै गर्नुपर्नेमा पालिकाबाट सहयोग लिई सभाहल निर्माण गरेको अनियमित देखिएको रु.

| अनियमित भएको | ७,००,००० |
|---|---|

५२ **बैठक भत्ता :** (१११६/२०८२।३।२४/):
नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ को सि.नं. ४५(४) मा कानून बमोजिम गठन भएका समिति तथा बोर्डहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सार्वजनिक सेवा तथा संस्थागत विकास समितिको बैठक वापत समिति सदस्य तथा कर्मचारीहरुलाई रु.१२००० भत्ता भुक्तानी गरेको छ। यसरी कानूनमा उल्लेख नभएको तथा दैनिक कार्यसम्पदानको कार्यसँग सम्बन्धी समितिको बैठक भत्ता भुक्तानी गर्नु खर्च मापदण्ड बमोजिम नमिल्ने देखिएकोले उक्त भत्ता भुक्तानी देहाय बमोजिम असुल(करकट्टी पछी) गर्नुपर्ने रु.

| क्र.सं. | नाम | बैठक संख्या | दर | भुक्तानी रकम(करकट्टी पछी) |
|---|---|---|---|---|
| १ | लेखनाथ पोखरेल | १ | १००० | ८५० |
| २ | शैलेन्द्र कुमार पाण्डेय | २ | १००० | १७०० |
| ३ | तेज नारायण मल्ल | २ | १००० | १७०० |
| ४ | राम प्रसाद भट्टराई | १ | १००० | ८५० |
| ५ | पम्फा पन्थ | २ | १००० | १७०० |
| ६ | लक्ष्मी कार्की | २ | १००० | १७०० |
| ७ | नरन्जन गुप्ता | १ | १००० | ८५० |
| ८ | वसन्त वस्याल | १ | १००० | ८५० |
| **जम्मा** | | | | **१०२००** |

| असुल गर्नुपर्ने | १०,२०० |
|---|---|

५३ **दोहोरो भुक्तानी :**
लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूची ५ को सि.नं. १५ मा तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक पाइने छैन भन्ने व्यवस्था रहेको छ। पालिकामा संचालित निम्नानुसारका कार्यक्रममा संयोजक भत्ता र प्रतिवेदन वापतको भत्ता दोहोरो हुने गरी निम्मानुसार भुक्तानी भएको देखिएकाले संयोजक भत्ता वापतको अतिरिक्त पारिश्रमिक असुल गर्नुपर्ने रु.

| क्र.सं. | भौ.नं. र मिति | कार्यक्रमको नाम | कर्मचारी | रकम रु. |
|---|---|---|---|---|
| १ | २५-२०८१/११/१२ | वडा स्तरीय खाद्यन्न/ तरकारी/ च्याउ/ मसला/ दलहन/ तेलहन/ फलफूल/ सम्बन्धी तालिम तथा सामाग्री वितरण | अस्मिता कँडेल | १०२० |
| २ | २६-२०८१/११/१२ | तरकारी बालीमा एकीकृत खाद्यतत्व तथा शत्रुजीवि व्यवस्थापन विषयक तालिम | कविर सिंह धामी | १०२० |
| **जम्मा** | | | | **२०४०** |

| असुल गर्नुपर्ने | ४,०८० |
|---|---|

५४ **जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीको ज्याला भुक्तानी :**

पालिकाले यस वर्ष मिति २०८१।१२।१४ मा भएको ज्यालादारी सेवा सम्झौता बमोजिम श्री सुवर्ण गिरीलाई सहायक कम्प्यूटर अपरेटरको नियुक्त गरी जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा कामकाजमा खटिएको पाइयो। यस वर्ष सम्झौता बमोजिम निजलाई पारिश्रमिक वापत गो.भौ. ८१०/२०८२।२।२३ लगायत अन्यबाट रु.९२६०२ भुक्तानी गरेको छ। यसरी पालिकाले आफ्नो कार्यक्षेत्र बाहिरको निकायमा कार्यरत कर्मचारीको तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ९२,६०२ |
|---|---|

५५ **अध्ययन अवलोकन भ्रमण:**

यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारी नेपालको विभिन्न भागमा अध्ययन अवलोकन भ्रमण गरी रु.१५००००० खर्च गरेको देखिएको छ। उक्त भ्रमणबाट सिक्ने पक्ष विकास निर्माण र कृषि तथा पर्यटकीय क्षेत्रको असल अभ्यास रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्बन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन। यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण सम्बन्धि विवरण देहाय अनुसार रहेको छ:

| गो.भौ./ मिति | भ्रमण गर्ने पदाधिकारी/ कर्मचारी | स्थान र मिति | खर्च | कार्यक्रम संयाजन गर्ने |
|---|---|---|---|---|
| १९५/ २०८१-१०-१४ | वडानं १ का जनप्रतिनिधि,स्वयंसेविका तथा कर्मचारी | इलाम | ३००००० | अर्जुन चौधरी |
| २४८/ २०८१-०९-१२ | वडानं ३ का जनप्रतिनिधि,स्वयंसेविका तथा कर्मचारी | महेन्द्रनगर | ६००००० | प्रदिप पण्डित |
| ८६७/ २०८२-०२-२९ | वडानं ७ का जनप्रतिनिधि,अगुवा कृषक तथा कर्मचारी | मुक्तिनाथ | ३००००० | रुद्र बहादुर रोकाहा |
| २७४/ २०८१-०९-२४ | वडानं ८ का जनप्रतिनिधि,स्वास्थ्यकर्मी,टोल विकास संस्थाका प्रतिनिधि तथा कर्मचारीहरु | इलाम | ३००००० | सुखराम प्रसाद गुप्ता |
| **जम्मा** | | | **१५०००००** | |

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यस वर्ष मापदण्ड र कार्यविधि तयार नगरी धार्मिक साँस्कृतिक सहायत, गरिवका लागि आर्थिक सहायता लगायतको शीर्षकबाट पालिका तथा वडा स्तरबाट समेत विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१७ लाख १६ हजार १३७ रुपैया आर्थिक सहायता वितरण गरेको छ। यसरी सहायता वितरणको स्पष्ट विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **एग्री एम.आई.एस. सफ्टवेयर खरिद सम्बन्धमा :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम सूचना प्रविधि विभागबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। पालिकाले कृषि तथा पशुपन्छिजन्य तथ्याङ्क सूचना प्रणाली(AGRIMS) विकास गरी पालिकाबाट वितरण हुने विभिन्न किसिमका अनुदानलाई एकीकृत गर्न, तथ्याङ्क अभिलेख राख्न यस वर्ष स्वीकृत कार्यक्रम तथा बजेट अनुसार पालिकाको कोषबाट रु.१० लाख र लुम्बिनी प्रदेशको नव प्रवर्द्धन कोषबाट रु.१० लाख गरी जम्मा रु.२० लाख बजेट विनियोजन भई सो कामको लागि लागत अनुमान तयार गरी ६ महिना भित्र कार्य सम्पन्न गर्न गरी मिति २०८२।१।२० मा रु.१९६९५६९० को रेडिमन्ट इनफोटेक प्रा.लि सँग सम्मझौता गरी सम्झौता बमोजिम कुल रकमको ४० प्रतिशतका दरले हुने रकम गो.भौ. २५७/२०८२।३।२५ मा रु.७,८७,८३६ भुक्तानी भएको छ। सो कामका लागि सूचना प्रविधि विभागबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेमा लिएको पाइएन।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **परामर्श खर्च सम्बन्धी विवरण :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना

डिपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले दानव नदीको तटबन्ध कार्यको विस्तृत अध्ययन प्रतिवेदनमा रु.९८४२३०, मायादेवी भित्रका सडक गरुयोजनामा रु.१४,८९,३४०, भवन आचार संहिता निर्माणमा रु.११,८८,७६०, दानव तथा तिनाउ खोलाको आ.इ.ई. प्रतिवेदन तयारीमा रु.९,३८,१००, भूमिगत जल सम्भाव्यता अध्ययनमा रु.१४,८८,२१० जस्ता काममा परामर्शदाता खरिद गरी भुक्तानी दिएको छ। यस्ता डिपिआर पालिकाकै जनशक्तिबाट गराउने र सोको पर्याप्त विश्लेषण गरी कार्यान्वियनयोग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरूलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ। तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो। यस आ.व. मा पालिका अन्तर्गतका ८ वटा वडामा ८ वटा कार्यक्रम तथा कार्यस्थलमा आधारित सीप/ क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम सञ्चालन भई रू ४५३१७१२ खर्च भएको र ३ जना कर्मचारीहरुलाई तलब भत्तामा रु. ११ लाख ८२ हजार खर्च भएको छ।

| **वडा नं** | **कार्यक्रम/ योजना संचालन** | **रोजगार संलग्न संख्या** | **रोजगार दिन संख्या** | **दर रु.** | **कुलखर्च रकम** |
|---|---|---|---|---|---|
| १ | १ नं. वडामा स्तरीय कच्ची नाली मर्मत तथा सरसफाई | ५ जना | ५०० दिन | ६६८ | ३,३४,००० |
| ३ | ३ नं. वडामा स्तरीय नाला सरसफाई | ५ जना | ५०० दिन | ६६८ | ३,३४,००० |
| ४ | ४ नं. स्तरीय कुलो मर्मत तथा सरसफाई | १२ जना | २९९ दिन | ६६८ | १,९९,७३२ |
| ५ | ५ नं. वडामा स्तरीय नाला तथा बाटो मर्मत | ८ जना | ७७७ दिन | ६६८ | ५,१९,०३६ |
| ६ | ६ नं. वडामा स्तरीय नाला तथा बाटो सरसफाई | ८ जना | ७८१ दिन | ६६८ | ५,२१,७०८ |
| ७ | ७ नं. वडा स्तरीय नाला सरसफाई | ५ जना | २५० दिन | ६६८ | १,६७,००० |
| ८ | ८ नं. वडामा स्तरीय खानेपानी पाईप लाईन विस्तार कार्यक्रम | १७ जना | ८०५ दिन | ६६८ | ५,३७,७४० |
| गा.पा.स्तरीय | गाउँपालिका स्तरीय रङ्गरोगन | १८ जना | ९०० दिन | ६६८ | ६,०१,२०० |
| | कार्यस्थलमा आधारित सीप/ क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम | ४० जना (माथिको कार्यक्रमबाट छनोट) | १९७२ दिन | ६६८ | १३,१७,२९६ |
| जम्मा | | ७८ जना | ६,७८४ दिन | ६६८ | ४५,३१,७१२ |

सूचीकृत ६३६ जना बेरोजगारमा महिला ३३५ जना र पुरुष ३०१ जना रहेका छन सो मध्ये ७८ जनाले मात्र रोजगारी पाएकामा अधिकतम १०० दिन र न्युनतम २५ दिन सम्म रहेको छ भने औसतमा ८७ दिन कुल रोजगारी सृजना भएको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रममा श्रमिकहरुको ज्यालामा रु. ४५ लाख ३१ हजार खर्च भएकोमा सोहि कार्यक्रममा पालिकाको साझेदारी मा कुल निर्माण सामाग्रीमा रु ६ लाख ३९ हजार खर्च भएको छ। निर्देशिका बमोजिम योजना बैङ्क अनुसार प्राथमिकतामा रहेका बेरोजगार व्यक्तिलाई रोजगारी प्रदान गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६० **कृषि पशु अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम सङ्घका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट कृषक, कृषक समूह लगायतका लागि रकम खर्च भएको छ जसका केही उदाहरण तल प्रस्तुत गरिएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु/ गराउनु पर्दछ।

| **क्रम** | **अनुदानकोकिसिम** | **लाभान्वित संख्या** | **रकमरु** |
|---|---|---|---|
| १ | मागमा आधारित कृषि कार्यक्रम | ३२ | ४००००० |
| २ | वडा नं. १ अन्तर्गतका कृषकहरूलाई मोटर तथा मिनिटिलर वितरण | ८४ | ८००००० |

| | | | |
|---|---|---|---|
| ३ | तरकारी मिनिकिट वितरण कार्यक्रम | २००० | ४००००० |
| ४ | च्यापकटर वितरण | ३ | ५७००० |
| ५ | पशुपालन समूहहरूलाई मागमा आधारित ५० प्रतिशत अनुदान | ४५ | ५००००० |
| ६ | डेलीभरी पाइप अनुदान | ८० | १००००० |

सैद्धान्तिक बेरुजु

६१ **ढुङ्गा गिटी वालुवा सम्बन्धमा :**
(क) ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को सि.नं. १२ मा ठूला रुपान्तरणकारी नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता योजनाहरूलाई आवश्यक पर्ने गिटी, वालुवाको वातवरणीय अध्ययन प्रतिवेदनका आधारमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, नारायणघाट-बुटवल सडकखण्ड, लुम्बिनी विकास कोष, लुम्बिनी प्रादेशिक अस्पताल जस्ता आयोजनाहरूले पालिकामा पत्र पठाई निर्माण व्यावसायीबाट हुने निर्माण कार्यका लागि सङ्घीय प्रदेश तथा स्थानीय तहले तोकेको दररेट अनुसार तोकिएको शुल्क तिरी दानव नदी तथा तिनाउ नदीको तोकिएको घाटहरूबाट ति आयोजनाहरूले पत्र पठाएको आधारमा ठेक्का नलगाई निर्माण व्यावसायीहरूसँग सम्झौता गरी निर्माण व्यवसायीले तोकेको शुल्क तिरी गिटी वालुवा उत्खनन गरी निर्माण व्यवसायीबाट सम्झौता गरी ३,१३,२६,९६६ राजस्व संकलन भएको छ। सम्झौता अनुसार प्रथम पक्षले उत्खनन गर्ने क्षेत्रको रेखांकन गरिनु पर्ने, सोही भित्र उत्खनन गर्नुपर्ने, यसरी उत्खनन भएको नदीजन्य पदार्थ सोही मापदण्डको दफा १२ बमोजिम प्रयोग गर्न दिएको सुविधाको रुपमा उपलब्ध गराइएको नदी जन्य पदार्थ अन्यत्र प्रयोग गर्न , विक्री गर्न वा कसैलाई सापटी दिन समेत पाइने छैन भन्ने व्यवस्था रहेकोमा ति निर्माण व्यवसायीहरूले अन्यत्र प्रयोग नगरिएको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेमा गरेको पाइएन। यसरी उत्खनन गरी लगेको परिमाणको अनुगमन/ मूल्याङ्कन गर्नुपर्ने, यसरी उपलब्ध गराइएको नदीजन्य पदार्थ सोही आयोजनामा प्रयोग भएको सुनिश्चित हुनु पर्दछ।

(ख) रुपान्तरणकारी योजना बाहेक अन्य ८ वटा घाटहरूमा गिटी वालुवा उत्खनन गर्नका लागि सूचना प्रकाशन गरेकोमा २ वटा घाटहरूमा मात्र ठेक्का लागि ति ठेक्काबाट रु.१२२२०००० राजस्व सङ्कलन भएको छ।

सैद्धान्तिक बेरुजु

६२ **सहकारी नियमन सम्बन्धमा :**

६२.१ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरू को सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरूपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गरिनुपर्दछ। पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ :

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पुजी | बचत | ऋण लगानी | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था | ६ | १५७५ | १८६९०८०० | ८४९१५७९४ | ९६१७२०४८ | ६५९८४४२ |
| कृषि सहकारी | २१ | ९९९ | ३२३६५५० | ९८४९३९७१ | १२९६४०३२ | ५३७३५२७ |
| बहुउदेश्यीय सहकारी संस्था | ३ | ५६० | ५१४८८६० | १२४८६३७० | १४५१९४०७ | ६३९८८५ |
| दुग्घ सहकारी संस्था | १ | ४८ | १६८६०० | १३१००० | ० | २५११५९ |
| तरकारी तथा फलफुल | १ | ३१ | ३४०० | १९४३४ | १२७८०२ | ६२९७१६ |
| **जम्मा** | **३२** | **३२१३** | **२७२४८२१०** | **१९६०४६५६९** | **१२३७८३२८९** | **१३४९२७२९** |

सैद्धान्तिक बेरुजु

६२.२ **सहकारी संस्थाको अनुगमन :** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरी अनुगमनबाट दिएका सुझावका केही उदाहरण निम्नानुसार रहेका छन:

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु | अनुगमन प्रतिवेदन उपर गरेको कारबाही |
|---|---|---|---|
| ३२ | २९ | साधारण सभा नियमित बस्ने नगरेकोलेखापालनसँग सम्बन्धित विवरण नराखेको (COPOMIS)मा विवरण प्रविष्टी नगरेको | सम्पर्कमा नआउने सहकारी संस्थाहरुको अनुदानको मलखाद वितरणमा रोक लगाइएको । |

सैद्धान्तिक बेरुजु

६३ **सामाजिक सुरक्षा भत्ता :**

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्। यस वर्षमा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ।

| क्र.स. | पालिकाको जनसंख्या ( २०७८ सालको जनगणन अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु |
|---|---|---|---|---|
| १ | ५६१७० | ४४३८ | ७.९० | १६३३०१६८६ |

पालिकाले यस बर्ष ४४३८ जनालाई लाभग्राहीलाई रु. १६३३०१६८६ सामाजिक सुरक्षा भत्ता वितरण गरेकफ छ। पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्या २०७८ को जनगणन अनुसार जनसंख्याको तुलनामा ७.९० प्रतिशत हो।

सैद्धान्तिक बेरुजु

६४ **लाभग्राहीको अभिलेख :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख सामाजिक सुरक्षा नियमावली, २०७६ को अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अभिलेख अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले सबै लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६५ **निस्कृय खाता:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई वा सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ७ वटै वडाको सबै त्रैमासिकको भत्ता EFT मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन। कार्यविधिका आधारमा लाभग्राहीको विवरण पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६६ **निशुल्क पाठ्यपुस्तक अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ को उपक्रियाकलाप ३.१ अनुसार विद्यालयले माग गरेको विद्यार्थी सङ्ख्यासहितको रकमलाई EMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकीन गर्ने र ३.२ मा यकीन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउँदा यस वर्ष विद्यायमा निम्नानुसार EMIS मा प्रविष्ट तथ्याङ्कसँग सत्यापन नगरी बढी निकासा दिएकोले बढी निकासा भएको असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | कक्षा | दर | EMIS अनुसारविद्यार्थी | निकासा | बढी निकासा विद्यार्थी | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गैरकट्टीराम दुलारे मिश्र मा.वि. | २ | ५५६.८ | ९ | १३ | ४ | २२२७.२० |
| | | ३ | ५८०.८ | १० | १७ | ७ | ४०६५.६० |
| | | ४ | ५९६.२ | २४ | २६ | २ | ११९२.४० |
| | | ५ | ६३३.६ | २३ | २८ | ५ | ३१६८.०० |
| २ | तिनाउमा.वि | ५ | ६३३.६ | २८ | ३१ | ३ | १९००.८० |
| ३ | मदरसागौसिया अहले सुन्नत फैजुल ओलुम | १ | ५२०.८ | ९ | १२ | ३ | १५६२.४० |
| | | ३ | ५८०.८ | ६ | ९ | ३ | १७४२.४० |
| ४ | भिलरहवामा.वि. | १ | ५२०.८ | २५ | २८ | ३ | १५६२.४० |
| ५ | लुकठहवामा.वि. | ९ | ७७० | ४२ | ४५ | ३ | २३१०.०० |
| ६ | गुरवानीमाई मा.वि. | २ | ५५६.८ | २६ | २८ | २ | १११३.६० |
| | | ३ | ५८०.८ | ४२ | ४४ | २ | ११६१.६० |
| जम्मा | | | | | | | २२००६.४० |

| असुल गर्नुपर्ने | २२,००६.४ |
|---|---|

६७ **विद्यालय र विद्यार्थी सङ्ख्या :**

| क्र.सं. | विद्यालयको किसिम | विद्यालयसंख्या | विद्यार्थीसंख्या | विद्यार्थीप्रतिशत (सार्वजनिक तथा संस्थागत) |
|---|---|---|---|---|
| १ | सामुदायिकविद्यालय | २० | ७८२२ | ४७.५८ |
| २ | संस्थागतविद्यालय | २६ | ८२४३ | ५०.१३ |
| ३ | धार्मिकविद्यालय | ८ | ३७७ | २.२९ |
| **जम्मा** | | **५४** | **१६४४२** | **१००.००** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विद्यार्थी सङ्ख्या १६४४२ रहेकोमा ४७.५८ प्रतिशत सामुदायिक, ५०.१३ संस्थागत र २.२९ प्रतिशत विद्यार्थी धार्मिक विद्यालयमा अध्ययनरत रहेका छन्।

सैद्धान्तिक बेरुजु

६८ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति :**

आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका २० वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १३८ | १०० | ३७ | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १३८ दरबन्दी रहेकोमा १०० जना स्थायी पदपूर्ति र १ जनाको दरबन्दी खाली रहेको छ। पदपूर्ति मध्ये ३७ जना राहत/करार रहेका छन्।

सैद्धान्तिक बेरुजु

६९ **शिक्षक विद्यार्थी अनुपात**

विद्यालय क्षेत्र सुधार योजना अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय | दरवन्दी संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थीअनुपात |
|---|---|---|---|---|
| १ | श्री तिलौरी नि.मा.वि.मायादेवी २ | ५ | २३१ | १:४६ |
| २ | श्री जनता प्रा.वि.मायादेवी ३ | ३ | १८७ | १:६२ |
| ३ | श्री तिनाउ मा.वि.बेथरी मायादेवी ६ | ६ | ३६४ | १:६० |
| ४ | श्री सेमरी मा.वि.सेमरी मायादेवी ४ | ११ | ८७७ | १:७९ |
| ५ | श्री बसौली प्रा.वि.मायादेवी ५ | ४ | १४३ | १:३५ |
| ६ | श्री जन जागृति मा.वि.मायादेवी १ | ९ | ५६४ | १:६२ |
| ७ | श्री सुण्डी मा.वि.बनकसिहा मायादेवी ४ | ६ | ७९० | १:१३१ |
| ८ | श्री नव जागृति आ.वि.मायादेवी १ | ७ | ३५० | १:५० |
| ९ | श्री सन्तेश्वर प्रा.वि.मायादेवी २ | ३ | २४१ | १:८० |
| १० | श्री हाजी ऐनायतुल्लाह सा.मा.वि.मायादेवी ५ | १४ | ४७८ | १:३४ |
| ११ | श्री बरेवा मा.वि.बरेवा मायादेवी ३ | १३ | ८५४ | १:६५ |
| १२ | श्री गैरगट्टी राम दुलारे मिश्र मा.वि.मायादेवी ७ | ९ | ३९७ | १:४४ |
| १३ | श्री भिलरहवा मा.वि.मायादेवी २ | ७ | ३४७ | १:४९ |
| १४ | श्री गुरुवानी माई मा.वि.मायादेवी ५ | ८ | ५०५ | १:६३ |
| १५ | श्री सिद्धार्थबाल निकेतन केदार पाण्डेय मा.वि.७ | ७ | ३१९ | १:४५ |
| १६ | श्री कोटही माई प्रा.वि. मायादेवी ५ | ३ | ९९ | १:३३ |
| १७ | श्री जनहित आ.बि मायादेवी १ | ६ | २२० | १:३६ |

| | | | | |
|---|---|---|---|---|
| १८ | श्री सरस्वती प्रा.वि. शिवपुर | ३ | १४३ | १:४७ |
| १९ | श्री लुकठहवा मा.वि.मायादेवी ५ | ७ | ४१२ | १:५८ |
| २० | श्री जनचेतना मा.वि.मायादेवी ८ | ७ | ३०१ | १:४३ |
| **जम्मा** | | **१३८** | **७८२२** | **१:५७** |

पालिकाका २० वटा विद्यालयमा १३८ जना शिक्षक र ७८२२ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:५७ रहेको छ। श्री सुण्डी मा.वि.बनकसिहा मायादेवी ४ को शिक्षक विद्यार्थी अनुपात १:१३१ रहेको छ भने श्री कोटही माई प्रा.वि. मायादेवी ५ को शिक्षक विद्यार्थी अनुपात १:३३ रहेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७० **प्रति विद्यार्थी लागत :**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत | कै. |
|---|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १९२१६६००० | १४४९३८००० | ८१९९ | १७६७७.५२ | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. १७६७७.५२ रहेको छ।

सैद्धान्तिक बेरुजु

७१ **शैक्षिक गुणस्तर :**

पालिका अन्तर्गत रहेका २० सामुदायिक विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा ५१२ विद्यार्थीको सहभागिता भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ:

| क्र.सं. | जि.पि.ए | जम्मा विद्यार्थी संख्या | संख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| १ | ३.६१ देखि ४सम्म | ५१२ | ० | ३५.३५ |
| २ | ३.२१ देखि३.६ सम्म | | १२ | |
| ३ | २.८१ देखि३.२ सम्म | | ३९ | |
| ४ | २.४१ देखि२.८ सम्म | | १०१ | |
| ५ | २.०१ देखि२.४ सम्म | | २९ | |
| ६ | १.६१ देखि२.० सम्म | | ० | |
| ७ | N.G. | | २८२ | |

उल्लेखित तालिका अनुसार सहभागी विद्यार्थीले ३.६१-४.०० जि.पि.ए. प्राप्त गर्न सकेनन् भने ३.२१-३.६० जि.पि.ए.ल्याउने १२ जना, २.८१-३.२ जि.पि.ए. ल्याउने ३९ जना, २.४१-२.८ जि.पि.ए. ल्याउने १०१ जना तथा २.०१-२.४ जि.पि.ए. ल्याउने २९ जना र १.६१-२ जि.पि.ए. ० गरी ५१२ जना मध्ये १८१ जना अर्थात ३५.३५ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयबाट उत्तीर्ण भएकोमा २८२ जना अर्थात ५५.०७ प्रतिशत विद्यार्थीले N. G. ल्याएको देखिन्छ। जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा नभएकाले सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. १७६७७.५२ रहेकोमा उत्तीर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

७२ **आन्तरिक राजस्व :**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

• कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी बाँधेकोमा रकम बैंक दाखिला भए नभएको एकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउँछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाब मिलान गरेको छैन।

• आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान एकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे एकीन हुन सकिएन।

• स्थानीय उत्पादनमा निकासी कर लगाईएको पाईएन ।

• वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

पालिका भित्रका स्थायी लेखा नं. लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

सैद्धान्तिक बेरुजु

७३ **कर सङ्कलन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाद्वारा उपलब्ध विवरणानुसार यस वर्षमा एकमुष्ठ रुपमा रु. ३१ करोड आन्तरिक आयको अनुमान गरिएकोमा तपसिलका शिर्षकमा रु. ७ करोड २२ लाख ६७ हजार ७२३ र ४७ पैसा सङ्कलन भएको छ।

| क्र.सं. | राजस्व शीर्षक | अनुमानित | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ० | ३२,११,७६२.२८ | |
| २ | भुमिकर/ मालपोत | ० | १८,४२,४०५.६२ | |
| ३ | वहाल कर | ० | २०,२२,७२४.०१ | |
| ४ | वहाल विटौरी कर | ० | ४,९३,९००.०० | |
| ५ | सवारी साधन कर (साना सवारी) | ० | ६६,२५०.०० | |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ० | १,०००.०० | |
| ७ | अन्य कर | ० | १,८४,११२.०० | |
| ८ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ३,७७,५००.०० | |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ३,२०,८००.०० | |
| १० | न्यायिक दस्तूर | ० | ६,७००.०० | |
| ११ | परीक्षा शुल्क | ० | ४०,१००.०० | |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ३,३२,७१०.०० | |
| १३ | नक्सापास दस्तुर | ० | १२,३४,३६८.०३ | |
| १४ | सिफारिश दस्तुर | ० | ४५,९३,९००.८० | |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ९,१५,४००.०० | |
| १६ | नाता प्रमाणित दस्तुर | ० | ३,३७,०००.०० | |
| १७ | अन्य दस्तुर | ० | ६,०९,५५०.०० | |
| १८ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १८,०००.०० | |
| १९ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ४५६.०० | |
| २० | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | २५,८५,०११.५६ | |
| २१ | धरौटी सदरस्याहा | ० | ३०,०००.०० | |
| २२ | चालु हस्तान्तरण | ० | १,०००.०० | |
| २३ | अन्य राजस्व | ० | २२,५०,२४८.४४ | |
| २४ | व्यवसाय कर | ० | ४१,७७,८७०.१३ | |
| २५ | बेरूजू | ० | १९,८०,०२१.०० | |
| २६ | दहत्तर बहत्तर शुल्क | ० | ४,४६,३४,९३३.५८ | |
| जम्मा | | ३१००००००| ७,२२,६७,७२३.४५ | |

सैद्धान्तिक बेरुजु

७४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ:

| केन्द्रीय अनुदानवाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| ७२३६२४८१३ | ७२२६७७२३ | ९.९८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको आयको तुलनामा आन्तरिक आयको हिस्सा ९.९८ प्रतिशत मात्र रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७५ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

(क) खर्चको अनुमोदन: सार्वजनिक नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

(ख) प्राविधिक बील र कार्यसम्पन्न: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्तासमितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/ नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

(ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिहरूसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन। उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ।

(घ) हेभी इक्विपमेण्टको प्रयोग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन।

(ङ) लागत सहभागिता : पालिकाले आयोजना/ कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

(च) आयोजना हस्तान्तरण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

७६ **उपभोक्ता समितिबाट कार्य गराएको:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (क) मा रू एक करोड रुपैंया सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिसँग गर्न सकिने र सोही नियमावलीको नियम १२ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने तर यसरी निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। तर पालिकाले उपभोक्तालाई हस्तान्तरण गर्न नमिल्ने कार्य गरी निम्नानुसारका काममा उपभोक्तालाई कार्य दिई कार्य गराएको नियमित नदेखिएको रु.

| क्र.सं. | भौ.नं. मिति | काम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४४-२०८१/ ११/ २६ | आधारभूत स्वास्थ्य केन्द्र कम्पाउण्ड निर्माण | २९१००० |

| | | | |
|---|---|---|---|
| २ | ५२-२०८१/१२/१३ | वडा कार्यालय कम्पाउण्ड भित्र पि.पि.सि. ढलान | १६८१६२ |
| **जम्मा** | | | **४५९१६२** |

| अनियमित भएको | ४,५९,१६२ |
|---|---|

७७
**पेश्की बाँकी :**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिक कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई म्याद नाघेको पेश्की रु.५ लाख तथा म्याद ननाघेको पेश्कि रु.२१ लाख २४ हजार ५८३ बाँकी रहेको देखिन्छ। गत वर्षसम्मको म्याद ननाघेको पेश्की नरहेको तथा गत वर्षको पेश्की मध्ये मिति २०८२/३/३२ फस्यौंटको अन्तिम म्याद समाप्त भई म्याद नाघेको पेश्की रु.९१ लाख ९७ हजार १२५ फस्यौंट गर्न बाँकि रहेको देखिन्छ। सो मध्ये चालु आ.व. २०८१/८२ सम्मा निम्नानुसारको म्याद नाघेको पेश्की रु.९६ लाख ९७ हजार १२५ रुपैयाँ फस्यौंट गर्न बाँकी रहेकोले फस्यौंट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | चालु आ. व. | | | गत आ. व.सम्मको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको |
| | | | | | रकम | फछ्यौंटको अन्तिम म्याद | | रकम | फछ्यौंटको अन्तिम म्याद | |
| १ | कर्मचारी | | | | | | | | | |
| १ | ०४/०१/२०८१ | १ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | सुदिप सिंह कटारिया चौधरी | ० | | ० | ० | २०८२/०३/३२ | १००००० |
| २ | ११/२६/२०८१ | ३८ | अध्यक्ष मैनेजर भेला समुह प्रतिनिधि को बैठक संचालन१-८ | सरिता देवी पोखेल | ० | ६६४७७ | १५०००० | ० | | ० |
| ३ | ०२/२२/२०८२ | ६४ | सामाजिक सुरक्षा तथा पंजिकरण अभिलेख व्यवस्थापन कार्याक्रम | अमृत कुमार हरिजन | ० | ६६५६१ | १००००० | ० | | ० |
| ४ | ०३/२०/२०८२ | २२२ | चैते धान प्रर्वद्धन कार्यक्रम | शशी ढुङ्गाना | ५०४००० | ६६५८९ | ० | ० | | ० |
| | | | | जम्मा | ५०४००० | | २५०००० | ० | | १००००० |
| २ | ठेकेदार | | | | | | | | | |
| १ | ०४/०१/२०८१ | १ | सडक बोर्ड तर्फको समपुरक कोष | एम.ए. कन्स्ट्रक्सन | ० | | ० | ० | २०८२/०३/३२ | १९३५००. |
| २ | ०४/०१/२०८१ | १ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | कुंवर कन्स्ट्रक्सन | ० | | ० | ० | २०८२/०३/३२ | ५२००००. |
| ३ | ०४/०१/२०८१ | १ | समपुरक कोष केन्द्र | राजन निर्माण सेवा | ० | | ० | ० | २०८२/०३/३२ | १३४२९०३. |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ०३/२५/२०८२ | ३३३ | ७ नं. वडा कार्यालय भवन निर्माण क्रमागत | सत्य कस्ट्रक्सन | १३५२२१६. | ०४/२८/२०८२ | ० | ० | | ० |
| जम्मा | | | | | १३५२२१६. | | ० | ० | | २०५६४०३. |
| ३ | संस्थागत | | | | | | | | | |
| १ | ०४/०१/२०८१ | १ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | EFT सेमरी सामुदायिक माध्यमिक विद्यालय | ० | | ० | ० | २०८२/०३/३२ | ६८०००० |
| २ | ०४/०१/२०८१ | १ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | EFT जनचेतना आधारभुत विद्यालय मतकोलवा | ० | | ० | ० | २०८२/०३/३२ | २४००००० |
| ३ | ०४/०१/२०८१ | १ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | EFT जनचेतना आधारभुत विद्यालय मतकोलवा | ० | | ० | ० | २०८२/०३/३२ | ५६०००० |
| ४ | ०४/०१/२०८१ | १ | टोल विकास संस्थालाई संचालन अनुदान | उचुम्ही टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ३०००० |
| ५ | ०४/०१/२०८१ | १ | टोल बिकास संस्थालाई अनुदान | गुराँस सँगम टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| ६ | ०४/०१/२०८१ | १ | टोल विकास संस्थालाई अनुदान | गुराँस सँगम टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| ७ | ०४/०१/२०८१ | १ | टोल विकास संस्थालाई संचालन अनुदान | गुराँस सँगम टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ३०००० |
| ८ | ०४/०१/२०८१ | १ | टोल विकास संस्थालाई संचालन अनुदान | बसडिलवा टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ३०००० |
| ९ | ०४/०१/२०८१ | १ | टोल बिकास संस्थालाई अनुदान | मतकोलवा टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| १० | ०४/०१/२०८१ | १ | टोल विकास संस्थालाई अनुदान | मतकोलवा टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ०४/०१/२०८१ | १ | वडा अन्तर्गत टोल विकास संस्थाहरुलाई अनुदान रु ५००००/- का दरले | मतकोलवा टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| १२ | ०४/०१/२०८१ | १ | टोल विकास संस्थालाई अनुदान | सर्वजित चौतारी टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| १३ | १०/१५/२०८१ | १४ | गुणस्तर सुधारका लागि शैक्षिक व्यवस्थापन अनुदान | बसौंली प्राथमिक विद्यालय बसौंली | ० | ६६४३५ | ५०००० | ० | | ० |
| १४ | १०/१५/२०८१ | १४ | गुणस्तर सुधारका लागि शैक्षिक व्यवस्थापन अनुदान | सन्तेश्वर प्राथमिक विद्यालय | ० | ६६४३५ | ५०००० | ० | | ० |
| १५ | १०/१५/२०८१ | १४ | | EFT सरस्वती प्राथमिक विद्यालय | ० | ६६४३५ | ५०००० | ० | | ० |
| १६ | १०/१५/२०८१ | १४ | | सिद्धार्थ बाल निकेतन केदार पाण्डेय माध्यमिक विद्यालय | ० | ६६४३५ | १००००० | ० | | ० |
| १७ | ०३/२५/२०८२ | २३२ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | तिनाउ बहु प्राविधिक शिक्षालय प्रा.लि. | २६८३०७ | ६६५९४ | ० | ० | | ० |
| **जम्मा** | | | | | **२६८३०७** | | **२५००००** | **०** | | **४०३००००** |
| ४ | उपभोक्ता समिति | | | | | | | | | |
| १ | ०४/०१/२०८१ | १ | वडा अन्तर्गत टोल विकास संस्थाहरुलाई अनुदान रु ५००००/- का दरले | उचमी टोल विकास संस्था | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| २ | ०४/०१/२०८१ | १ | रमावापुर तटबन्ध निर्माण | रमवापुर तटबन्ध निर्माण उपभोक्ता समिति | ० | | ० | ० | २०८२/०३/३२ | २००००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ०४/०१/२०८१ | १ | अन्य सार्वजनिक निर्माण | श्री प्रकटेश्वर महादेव मन्दिर उपभोक्ता समिति | ० | | ० | ० | २०८२/०३/३२ | २९०००० |
| ४ | ०४/०१/२०८१ | १ | आधारभुत स्वास्थ्यकेन्द्र भवन निर्माण | स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | ० | | ० | ० | २०८२/०३/३२ | ४९९७५७ |
| ५ | ०४/०१/२०८१ | १ | नदि तटवन्द तथा नियन्त्रण वडा नं २मा | हरहरवा टतबन्ध निर्माण समिति | ० | | ० | ० | २०८२/०३/३२ | ५००००० |
| जम्मा | | | | | ० | | ० | ० | | १५३९७५७ |
| ५ | व्यक्तिगत | | | | | | | | | |
| १ | ०४/०१/२०८१ | १ | गरिव विपन्न अल्पसँख्यक लगायतलाइ सहयोग कार्यक्रम | उषा कुमारी हरिजन | ० | | ० | ० | २०८२/०३/३२ | ५००० |
| २ | ०४/०१/२०८१ | १ | गरिव विपन्न अल्पसंख्यक लगायतलाइ सहयोग कार्यक्रम | खलील धुनिया | ० | | ० | ० | २०८२/०३/३२ | ९००० |
| ३ | ०४/०१/२०८१ | १ | गरिव विपन्न अल्पसंख्यक लगायतलाइ सहयोग कार्यक्रम | टेक कुमारी श्रेष्ठ | ० | | ० | ० | २०८२/०३/३२ | १०००० |
| ४ | ०४/०१/२०८१ | १ | पर्व तथा महोत्सव | तारादेवी यादव | ० | | ० | ० | २०८२/०३/३२ | ४०००० |
| ५ | ०४/०१/२०८१ | १ | पानी तथा बिजुली | प्रहलाद मल्लाह | ० | | ० | ० | २०८२/०३/३२ | १५००० |
| ६ | ०४/०१/२०८१ | १ | गरिव विपन्न अल्पसंख्यक लगायतलाइ सहयोग कार्यक्रम | मिना थारु | ० | | ० | ० | २०८२/०३/३२ | १४७७५ |
| ७ | ०४/०१/२०८१ | १ | गरिव विपन्न अल्पसंख्यक लगायतलाइ सहयोग कार्यक्रम | मोतिलाल मल्लाह | ० | | ० | ० | २०८२/०३/३२ | १०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ०४/०१/२०८१ | १ | अन्य सार्वजनिक निर्माण तथा विकास कार्यक्रम | श्रीराम यादव | ० | | ० | ० | २०८२/०३/३२ | ४०००० |
| ९ | ०४/०१/२०८१ | १ | गरिव विपन्न अल्पसंख्यक लगायतलाइ सहयोग कार्यक्रम | सकिर अली | ० | | ० | ० | २०८२/०३/३२ | ४९२५ |
| १० | ०४/०१/२०८१ | १ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सुदिप सिंह कटारिया चौधरी | ० | | ० | ० | २०८२/०३/३२ | ७०००० |
| ११ | ०४/०१/२०८१ | १ | आकस्मिक वातावरण तथा विपद व्यवस्थापन कोष | सन्तोष कहार | ० | | ० | ० | २०८२/०३/३२ | १००००० |
| १२ | ०४/०१/२०८१ | १ | वडास्तरिय भैपरि कार्यक्रम | हरिलाल नाउ | ० | | ० | ० | २०८२/०३/३२ | ५०००० |
| १३ | ०४/०१/२०८१ | १ | वडास्तरिय भैपरि खर्च | हरिलाल नाउ | ० | | ० | ० | २०८२/०३/३२ | २१००० |
| **जम्मा** | | | | | **०** | | **०** | **०** | | **३८९७००** |
| ६ | आपूर्तिकर्ता | | | | | | | | | |
| १ | ०४/०१/२०८१ | १ | प्रदेश सरकार ससर्त अनुदान मा संचालन हुने योजनाहरु | अग्नि इन्कर्पोरेटेड प्रा लि | ० | | ० | ० | २०८२/०३/३२ | १०८१२६५ |
| **जम्मा** | | | | | **०** | | **०** | **०** | | **१०८१२६५** |
| **कुल जम्मा** | | | | | **२१२४५२३** | | **५०००००** | **०** | | **९१९७१२५** |

| पेश्की | ९६,९७,१२५ |
|---|---|

# अनुगमन लेखापरीक्षण

७८ बेरुजुको लगत तथा सम्परीक्षण :

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.२१८२६८००० तथा यस आ व को थप रु.२२६२२४१५.४ मध्ये गरी कुल बेरुजु रु.२४०८९०४१५.४ फस्यौंट गरी सम्परीक्षणको गर्न बाँकि रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **मायादेवी गाउँपालिका, रुपन्देही** को २०८२ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २१८२६८००० | ० | २२६२२४१५.४ | ० | २४०८९०४१५.४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मायादेवी गाउँपालिका, रुपन्देही , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद ज्ञवाली | २०८१-१-१० | २०८१-०८-३० |
| कार्यालय प्रमुख | लेखनाथ पोखरेल | २०८१-०९-०१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राम प्रसाद भट्टराई | २०७८-९-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८२,३१५.४ | ११,८४२,९७५ | १,०००,००० | ० | ० | ९,६९७,१२५ |
| | | | | **जम्मा बेरुजु रकम** | २२,६२२,४१५.४ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ३८,१४९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १०४०३१६३३.३६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४११६९९८३० | **चालु खर्च** | ३३९१९३४६९.०४ |
| **प्रदेश सरकारबाट अनुदान** | १६५७५७४१ | **पूँजीगत खर्च** | २१९७२४९७३ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ११०१८३०२२.३२ | **वित्तीय/अन्य व्यवस्था** | २३७८३८७६४.६८ |
| **आन्तरिक आय** | ७२२६७७२३.४५ | | |
| **अन्य आय** | १९४४०१५३४.६१ | | |
| **कुल आय** | ८०५१२७८५१.३८ | **कुल खर्च** | ७९६७५७२०६.७२ |
| **बाँकी मौज्दात** | | ११२४०२२७८.०२ | |

अनुसूची - २

 https://nams.oag.gov.np

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १३५४५५०२२.८४ | ०.०० | १३५४५५०२२.८४ | १२८७५४११८.७२ | ०.०० | १२८७५४११८.७२ |
| १३००० | अनुदान | | ३८०६५३५२६.२९ | ०.०० | ३८०६५३५२६.२९ | ३११४८५७३८.६५ | ०.०० | ३११४८५७३८.६५ |
| १४००० | अन्य राजस्व | | ४४६६७४०२.५० | ०.०० | ४४६६७४०२.५० | ३०२९२२८४.८३ | ०.०० | ३०२९२२८४.८३ |
| १५००० | विविध प्राप्ति | | १९८००२१.०० | ०.०० | १९८००२१.०० | २४०३६१.०० | ०.०० | २४०३६१.०० |
| क | कुल जम्मा प्राप्ति | | ५६२७५५९७२.६३ | | ५६२७५५९७२.६३ | ४७०७७२५०३.२० | | ४७०७७२५०३.२० |
| ३ | चालु | | ३३९१९३४६९.०४ | ०.०० | ३३९१९३४६९.०४ | २९१२३१७७२.९२ | ०.०० | २९१२३१७७२.९२ |
| २१००० | पारिश्रमिक / सुविधा | | १५२१३२५४६.६० | ०.०० | १५२१३२५४६.६० | १७२८२४२२१.०७ | ०.०० | १७२८२४२२१.०७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२३३६४४७२.०५ | ०.०० | १२३३६४४७२.०५ | ९७३३५३२१.८५ | ०.०० | ९७३३५३२१.८५ |
| २५००० | सहायता (Subsidy) | | ३३४२५८३५.५६ | ०.०० | ३३४२५८३५.५६ | ५६२३२७४.०० | ०.०० | ५६२३२७४.०० |
| २६००० | अनुदान | | ७००००००.०० | ०.०० | ७००००००.०० | १००००००.०० | ०.०० | १००००००.०० |
| २७००० | सामाजिक सुरक्षा | | १७०३३४४४.०० | ०.०० | १७०३३४४४.०० | १२०६६२१४.०० | ०.०० | १२०६६२१४.०० |
| २८००० | अन्य खर्च | | १२५३७१७०.८३ | ०.०० | १२५३७१७०.८३ | २३८२७४२.०० | ०.०० | २३८२७४२.०० |
| ४ | पूंजीगत | | २१९७२४९७३.०० | ०.०० | २१९७२४९७३.०० | ११८१०६८४७.७२ | ०.०० | ११८१०६८४७.७२ |
| ३१११० | भवन तथा संरचना | | ९८९४०६५९.०० | ०.०० | ९८९४०६५९.०० | १८१५२२६३.०० | ०.०० | १८१५२२६३.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | १६६८३०४३.०० | ०.०० | १६६८३०४३.०० | ८३४५४८१.०० | ०.०० | ८३४५४८१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५८३०८४५.०० | ०.०० | ५८३०८४५.०० | ४९२११५.०० | ०.०० | ४९२११५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११४० | सुरक्षा उपकरण | | ०.०० | ०.०० | ०.०० | १७४९६२५.०० | ०.०० | १७४९६२५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ९८२७०४२६.०० | ०.०० | ९८२७०४२६.०० | ८९३६७३६३.७२ | ०.०० | ८९३६७३६३.७२ |
| ख) | कुल जम्मा भुक्तानी | | ५५८९१८४४२.०४ | | ५५८९१८४४२.०४ | ४०९३३८६२०.६४ | | ४०९३३८६२०.६४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ३८३७५३०.५९ | | ३८३७५३०.५९ | ६१४३३८८२.५६ | | ६१४३३८८२.५६ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ४५११३७१.०७ | | ४५११३७१.०७ | १९०३७७४.०० | | १९०३७७४.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | १६७५७.०० | | १६७५७.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ८३४८९०१.६६ | | ८३४८९०१.६६ | ६३३३७६५६.५६ | | ६३३३७६५६.५६ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १०४०३१६३३.३६ | | १०४०३१६३३.३६ | ४०६९३९७६.८० | | ४०६९३९७६.८० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ११२३८०५३५.०२ | | ११२३८०५३५.०२ | १०४०३१६३३.३६ | | १०४०३१६३३.३६ |

| | | |
|---|---|---|
| लेखाप्रमूख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय |
| पालिकाबाट प्रमाणिकरण मिति : | | |